# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.........प्रशासन......... शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७७/०७८

चलानी नं. :- १८३४

मिति :२०७८।०१।१९

विषयः- अधिकार प्रत्यायोजन सम्बन्धमा ।

श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरु,
महान्यायाधिवक्ताको कार्यालय रामशहापथ, काठमाडौं ।

उपरोक्त सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र हुन सक्ने प्रकृतिका सरकार वादी मुद्दामा अनुसन्धानको क्रममा प्रतिवादीले पीडितलाई बुझाउनु पर्ने बिगो, हर्जाना तथा अन्य रकम बुझाई वा अन्य कुनै शर्तमा मुद्दाको कारवाही अगाडि नबढाउन पीडित र प्रतिवादी दुवै पक्ष सहमत भै दिएको निवेदन बमोजिम मातहत सरकारी वकील कार्यालयवाट मुद्दा नचलाउने गरी प्राप्त भएका मिसिलमा मुद्दा चलाउने/नचलाउने अन्तिम निकासा नायब महान्यायाधिवक्ताले दिने गरी माननीय महान्यायाधिवक्ताज्यूवाट मिति २०७८।०१।१९ मा भएको अधिकार प्रत्यायोजन सम्बन्धी निर्णयको प्रतिलिपी यसै साथ संलग्न राखी जानकारीको लागि सादर अनुरोध गर्दछु ।

(लोकराज पराजुली)
सहन्यायाधिवक्ता

अवगतार्थः-
माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय, महान्यायाधिवक्ताको कार्यालय ।

बोधार्थः-
श्री मुद्दा शाखा, महान्यायाधिवक्ताको कार्यालय ।

C:\Users\user\Google Drive\Bishnu Sir PC\आ.व. २०७७।७८\पत्रहरु.rtf

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# अधिकार प्रत्यायोजन सम्बन्धी निर्णय

नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी आजका मितिदेखि नायब महान्यायाधिवक्ताले प्रयोग र पालना गर्ने गरी देहाय बमोजिम अधिकार प्रत्यायोजन गरिदिएको छु:-

१. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र हुन सक्ने प्रकृतिका सरकार वादी मुद्दामा अनुसन्धानको क्रममा प्रतिवादीले पीडितलाई बुझाउनु पर्ने बिगो, हर्जाना तथा अन्य रकम बुझाई वा अन्य कुनै शर्तमा मुद्दाको कारवाही अगाडि नबढाउन पीडित र प्रतिवादी दुबै पक्ष सहमत भै दिएको निवेदन बमोजिम मातहत सरकारी वकील कार्यालयवाट मुद्दा नचलाउने गरी प्राप्त भएका मिसिलमा मुद्दा चलाउने/नचलाउने अन्तिम निकासा नायब महान्यायाधिवक्ताले दिने ।

रमेश वडाल
महान्यायाधिवक्ता
२०७८।०१।१९।०१